# जातिय अल्पसंख्यकहरुको समानताको प्रवद्र्धनका लागि विद्‌यमान तथा योजना बद्‌ध उपायहरु

## कारागार विभाग

कारागार विभाग (CSD) जातिय समानता प्रवद्र्धन गर्न पतिबद्‌ध छ । हिरासतमा भएका सम्पूर्ण व्यक्ति हरुले (PICs) राष्ट्रियता र जातियरुपमा निरपेक्ष रहँदै समान व्यवहार पाउँनेछन्। PICs को सहायताका निम्ति कारागार विभागले प्रदान गरेका उपायहरु निम्न तय गरिएका छन् ।

### A. हिरासतमा रहेका व्यक्तिहरुको सहायताका लागि उपायहरु

विद्‌यमान उपायहरु

- 27 भाषामा ( अर्थात, परम्परागत अथवा सरलीकृत चिनियाँ भाषा समेत 28 संस्करणमा ) प्रकाशन गरिएको कैदी सूचनासम्बन्धी पुस्तिकाको प्रति PICs लाई भरना भएको समयमा प्रदान गरिन्छ जसले उनीहरुलाई आफ्ना अधिकारहरु र सुधारात्मक संस्थाका सामान्य शर्तहरु र आवश्यकता बुझ्न मद्‌दत गर्दछ ।
- CSD ले आवश्यकता भएमा विविध जातका मानिसहरुको मूल भाषाको PICs को लागि दोभाषे सेवा प्रदान गर्नेछ । जब उनीहरुले सुधारात्मक संस्थामा हुने उपचारमा दुखी छन वा उनीहरुसँग आफ्ना अधिकारका बारेमा कुनै सिकायत छ भने तिनले सोधपुछ गर्ने वा उजुरी दिने अधिकारमा समानता सुनिस्चित

गर्नका लागि अनुरोध अनुसार दोभाषे सेवाहरु प्रदान गरिनेछ।

- अग्रपंक्तिका कर्मचारी र अन्य राष्ट्रिष्ताको PICs को सञ्चारमा तत्काल सहजीकरण गर्न कारागार विभागले मोबाइल ट्याबलेट ( जो चाँही 62 भाषामा अनुवाद गर्न सक्षम छ ) अनि तत्काल आवान अनुवादक ( जो चाँही चिनियाँ र अन्य 8 भाषाहरू बीच दुईतर्फी अनुवाद गर्न सक्षम छ ) त्यस साधनमा लेख्य गर्ने भाषानुवाद सुविधाको प्रयोग गर्नेछ।

- कारागार विभागले गृह र युवा मामिला ब्यूराद्वारा प्रकाशित “आपतकालीन अवस्थाका लागि बहुभाषिक वाक्यांश पुस्तिका” सर्म्पूण कारागारमा रहेका आन्तरिक अस्पतालहरुमा PICs लाई आवश्यकता भएमा प्रयोगको लागि उपलब्ध गराएको छ।

- कारागार विभागले PICs को लागि कारागारमा रहेका पुस्तकालयहरुमा चीनी र अंग्रेजी बाहेकका अन्य भाषामा पनि पुस्तकहरु उपलब्ध गराउँछ।

- कारागार विभागले विविध जातका PICs लाई क्यानटोनिज बोल्ने र बुझ्ने क्षमताको अभिवृद्धि गराउन क्यानटोनिज भाषाको कक्षाहरु अनि क्यानटोनिज स्वं-अध्ययन सामाग्री उपलब्ध गराउदछ साथै उनीहरुलाई कारागारको जीवन अनुशराण गर्न सहयोग गर्दछ।

- कारागार विभागले विभिन्न वाणिज्य अधिकारीरहरुलाई भेट गर्न दिन्छ

अनि सर्म्पक र सञ्चार बृद्धि गर्न उनीहरुको साझा गतिविधिहरुमा भाग लिन्छ जसले सञ्चार बाधा र सांस्कृतिक भिन्नता बाट उत्पन्न हुने PICs को समस्याहरुलाई समाधान गर्नमा अनुकूल हुन सक्छ।

- कारागार विभागले विविध जातका हिरासतमा रहेका व्यक्तिहरु PICs को धार्मिक स्वतंत्रताको सम्मान गर्दछ। धार्मिक गुरुहरु तथा विभिन्न धार्मिक संस्थाहरु द्वारा उपलब्ध गराइने भेट, शिक्षा, परामर्श र धार्मिक पूजा जस्ता विभिन्न सेवाहरु प्रदान गरिन्छ । विभागले आवश्यक परेमा सम्बंधित वाणिज्य दूतहरु सँग विविध जातका धार्मिक PICs को कियाकलापहरुको बारेमा परार्मश गर्नेछ।

- विविध जातका हिरासतमा रहेका व्यक्तिहरु PICs को पुनस्थापनामा सहयोग गर्न कारागार विभागले विभिन्न गैर सरकारी संस्थाहरुसँग सहकार्य गरेर रुची सम्बन्धी कक्षाहरु सञ्चालन गर्दछ।

- कारागार विभागले नयाँ भर्ना भएका हिरासतमा रहने व्यक्तिहरु PICs को परिचय कार्यक्रममा प्रसारण गर्नको लागि १० भाषामा निर्माण गरिएका डिभिडीहरु उपलब्ध गपराउदछ जसलै उनीहरुलाई कारागारको जीवन बारै बुझ्न मद्दत गर्छ।

- कारागार विभागले हिरासतमा रहेका अन्य राष्ट्रियता भएका मानिसहरु द्वारा सोधपुछ तथा उजुरी व्यवस्थापन गर्नका लागि

  निवृतिभरण सेवा सम्झौता अन्तर्गत संस्थाका सर्म्पक अधिकारीका रुपमा सेवानिवृत्त अधिकारीहरु नियुक्ती गर्दछ। कारावासका दौरान असमझदारी हाटउन र झगडा मिलाएर सजाय दिइने संस्थाहरुमा

नियम तथा अनुशासन व्यवस्थापन गर्न अन्तर्गत संस्थाका सर्म्पक अधिकारीले यस्ता सोपुछ तथा यजुरी व्यवस्थापन गर्नका लागि हिरासमा रहेका अन्य राष्ट्रीयता भएका मानिसहरुसँग हाकाहाकी बैठक गर्नुपर्नेछ ।

| | |
|---|---|
| भविष्यको कामको लेखाजोखा | • कारागार विभागले विविध जातका हिरासतमा रहेका मानिसहरु PICs को लागि भएका नीति/उपाउहरु एवं यसको कार्यान्वयनको थप सुधारका निम्ति नियमितरुपमा लेखाजोखा तथा पुनरावलोकन गर्नेछ ।<br>• कारागार विभागले अवसरको समानतालाई बढाउने उद्देश्यले सेवा प्रयोगकर्ताहरू मा डाटा संकदन गर्दछ । |

**कर्मचारीको तालीम**

| | |
|---|---|
| विद्यमान उपायहरु | • कारागार विभागले कर्मचारीले अनुपालन गर्नुपर्ने गरी जातिय भेदभाव अध्यादेशको अनुसार “ जातिय समानता प्रवद्र्धन निर्देशिका ” तथा “ जातिय समानतासम्बन्धी नीति पत्र ” तयार गरेको छ ।<br>• कारागार विभागले कर्मचारीको जानकारीको लागि जातिय समानतासम्बन्धी सान्दर्भिक सूचनाहरु ज्ञान व्यवस्थापन प्रणाली ( विभागिय इन्ट्रानेटमा रहेको ज्ञान आदानप्रान गर्ने मञ्च ) मा नियमितरुपले अपलोड गर्दछ । |

- कारागार विभागले समय समयमा कर्मचारीको निम्ति नेपाली, उर्दू, भियतनामी। इण्डोनेशियन, पञ्जाबी र स्प्यानिस लगायत का विविध जातका मानिसहरुको भाषामा तालिम प्रदान गर्छ।

- कारागार विभागले कर्मचारीको भर्ती तथा आन्तरिक तालिम कार्यक्रममा जाति समानता सम्बन्धी तालिम समावेश गरेको छ। सांस्कृतिक चेतनासम्बन्धी तालिम सञ्चालन गर्न समय समयमा विभिन्न राष्ट्रका वाणिज्य दूतहरुलाई निमन्त्रित गर्दछ।

- कारागार विभागले कर्मचारीको जातिय समानतासम्बन्धी ज्ञानमा सुधार गर्नको लागि उपयुक्त तालिम व्यवस्था गर्न तालिमसम्बन्धी नीतिको निरन्तर लेखाजोखा तथा पुनरावलोकन गर्नेछ।

**सार्वजनिक सोधपुछ**

सार्वजनिक सोधपुछको लागि, कृपया प्रमुख अधिकारी (व्यवस्थापन सेवा ) श्री यांग वाई लकलाई 2582 5205 मा सर्म्पक गर्नुहोस।

**कारागार विभाग**

**अप्रिल** 2024